# खोटाङ जिल्लासभाले पारित गरेको नितिगत निर्णयहरू

समयसँगै नेपालमा निरन्तर राजनीतिक परिवर्तनहरू भईरहेको छ र नेपाल संघीय लोकतान्त्रिक गणतन्त्र संविधानमा स्थापित भईसकेको छ र अहिले संघीयता कार्यान्वयनको महत्वपूर्ण चरणमा छ । संघीयताको मूलमर्म अन्तर्गत संघीय शासन प्रणालीलाई व्यवस्थित गर्न सकेमा मुलुकको समय सापेक्ष विकास सम्भव छ । लामो समयदेखि पिछडिएको वर्ग र समुदायको जीवनस्तरलाई माथि उठाउन सकिन्छ र वर्तमान समयको ज्वलन्त मागहरूलाई सम्वोधन गर्न सकिन्छ । त्यसैले संघीय शासन प्रणाली अन्तर्गत २०७४ सालमा स्थानीय तहको निर्वाचन सम्पन्न भई सबैभन्दा तल्लो तहको राजनीतिक ईकाईले ५ वर्ष अभ्यास गरेको छ । पुनः दोस्रो पटक २०७९ सालमा सो राजनीतिक ईकाईको निर्वाचन सम्पन्न भई नवनिर्वाचित जनप्रतिनिधिहरू आफ्नो सेवाक्षेत्रको चौतर्फि विकासमा जुटिरहेका छौं। यो ५ वर्षे अभ्यासबाट अधिकार र श्रोतहरू परिचालन हुने क्रममा धेरै आशाका किरणहरू देखिएका छन् । अधिकतम मानवीय संसाधनहरू परिचालन भएकाछन् भने आर्थिक र सामाजिक अवयवहरूले उन्नतिको पथ बढाउदैछन् । हिजोभन्दा आज, आजभन्दा भोली भौतिक विकासका तस्विरहरू चारैतिर फैलिरहेको देखिन्छ भने आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रमा समेत परिवर्तनका सिडिहरू थपिदै आईरहेको अनुभूति गर्न सकिन्छ । यसरी आफ्नो ठाँउ आफैले बनाउ भन्ने परिवेश निर्माण भईरहेको छ । समृदिको अभियानमा राजनीतिक कार्यकर्ताहरू कसरी आफुलाई स्थापित गर्न सकिन्छ भन्ने प्रतिस्पर्धामा रहेकोले विकास उन्नति र प्रगतिमा होड नै चलेको पाईन्छ । स्थानीय जनताले सरकारको सेवा आँगनबाट प्राप्त गर्ने अवसर विस्तारै प्राप्त गर्दैछन् ।

अव समयसँगै वर्तमान जनप्रतिनिधहरूले अहिले सम्मको विकासको पुनरावलोकन गर्दै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय विकासका मोडलहरूसँग आफुलाई अगाडि बढाउनु अपरिहार्य बन्दै गएको छ । मानवीय आधारभूत आवश्यकताहरू सँगै विज्ञान, प्रविधि, सञ्चार र यातायातमा ठुलो परिवर्तन आएको कारण विकासको परिभाषा फेरिदै गएको छ । मानवीय आवश्यकताहरू अन्तराष्ट्रियकरण बन्दै गएको छ । नागरिकहरूको चाहाना र आकांक्षा दिनप्रतिदिन चुलिदो अवस्था छ । हाम्रो विशिष्ट खालको धरातल, राजनीतिक व्यवस्थाको पृष्टभूमि र बदलिदो परिस्थितिलाई आत्मसाथ गर्दै आफ्नो मौलिकताको रक्षा गर्दै दिगो विकासको लक्षहरू पूरा गर्न अगाडि जानै छ ।

हाम्रो खोटाङ जिल्लाको भौतिक विकासको दुई दशकको सिंहावलोकन गर्दा हामीले धेरै परिवर्तनहरू पाउन सक्छौ । सडक यातायातको क्षेत्रमा, विधुत उर्जाको क्षेत्रमा, भौतिक पूर्वाधारहरूको क्षेत्रमा, शैक्षिक क्षेत्रमा, सिंचाईको क्षेत्रमा, वनजङ्गलको बृद्धि र कृषि प्रणालीको क्षेत्रमा निकै परिवर्तनहरू आईरहेको छ । खाद्यवालीहरूको ठाँउमा नगदेवालीहरू र कृषि उत्पादनको बजारीकरण र व्यवसायिकरण उन्मुख देखिन्छ । उद्योगको क्षेत्रमा केहि न केहि फड्को मारेको देखिन्छ । पशु पालनमा सामूहिक फर्महरूको अभ्यास तथा सञ्चालन भई रहेको देखिन्छ । खाद्य सुरक्षामा उकालो धार लागेको कारण नागरिकहरूको

जीवनशैलीमा निकै परिवर्तन आईरहेको छ । अधारभूत स्वास्थ्य सेवाबाट फड्को मार्दै गुणस्तर स्वास्थसेवाको तहमा नागरिकहरू उक्लिदैछन् । यी परिवर्तनहरू कै कारण नेपालीहरूको सरदर आयु सात दशकभन्दा माथि उठ्नु राम्रो सूचक मान्न सकिन्छ ।

यतिहुँदा हुदै पनि मुख्य उर्वर उमेर समूहका युवा जनशक्तिहरू अन्तराष्ट्रिय बजारमा पलायन र खपत हुनु हाम्रोलागि सुखद कदापी होईन । जबसम्म यो श्रम शक्तिलाई स्वदेशको विकास र उन्नतिमा प्रयोग गर्न सकिन्न र रोजगारी प्रदान गर्न सकिन्न तबसम्म दिगो विकासको परिकल्पना गर्न सकिन्न । हामीले उर्वर उमेर समूहका जनशक्तिलाई आफ्नै मूलुकमा थाम्न नसक्दा जनसाङ्खिक वनोटमा समेत नकारात्मक असर पर्दै गएको छ । अहिले आएर खोटाङको १० वर्षको अन्तरमा ३१ हजार जनसंख्या घट्नु राम्रो संकेत होईन । जनसांख्यिक वनोटले विकास मात्र होईन सबै क्षेत्रमा प्रत्यक्ष प्रभाव पारेको हुन्छ । यसो भएको हुनाले सबै तिनै तहका सरकाहरूले विकासको मोडेलमा परिवर्तन ल्याउन जरुरी देखिन्छ । नयाँ सोंच, नयाँ दृष्टकोण र नयाँ योजना निर्माण र कार्यान्वयनको लागि आजैबाट वहश, छलफल र नीति बनाउन जरुरी छ । यसरी खोटाङको विकास भनेकै १० वटै स्थानीय तहको विकास हो । सबै पालिकाहरूको टोल वस्तीहरूको मुहार फेर्ने हो तसर्थ स्थानीय जन प्रतिनिधिहरूले अवको योजना सन्तुलित र दिगो विकासमा ध्यान दिन जरुरी छ ।

## योजना निर्माणका नीतिगत विषयहरू:

- सन्तुलित र दिगो विकासका लक्ष्यहरूलाई आधार मानी योजनाहरू बनाउने ।
- सामाजिक न्यायमा आधारित योजनाहरू निर्माण गर्ने ।
- वातावरणमैत्री आयोजनाहरू निर्माण गर्ने ।
- अधिकतम रोजगारी श्रृजना हुने बहुवर्षीय आयोजनाहरू संचालन गर्ने ।
- शिक्षामा भएको लगानीलाई प्रभावकारी र उपलब्धीमूलक वनाउदै गुणस्तर बृद्धि हुने खालको योजना बनाउने ।
- अदक्ष श्रमशक्तिलाई दक्ष बनाउदै, सिपयुक्त वनाउने योजनाहरू संचालन गर्ने ।
- भौगोलिक र साँस्कृतिक पर्यटनको प्रवर्द्धन हुने खालको आयोजनहरू वनाउने ।
- सम्पन्न हुने खालका भौतिक पूर्वाधारका आयोजनाहरू छनौट गर्ने ।
- वजार प्राप्त गर्ने र ब्यावशायीकरण उन्मुख कृषिमा आधारित योजनहरू निर्माण गर्ने ।
- अधिकतम स्थानीय श्रम परिचालन हुने योजना वनाउने ।
- नयाँ परिवेशमा बजार प्रवेश गरेकोले सेवा उद्योगहरूमा युवा पीढिलाई आकर्षित गर्ने ।
- गरिवी निवारण/निम्न वर्गलाई मध्यम स्तरमा उठाउने योजना निर्माण गर्ने ।
- भौगोलिक उपयुक्ततामा आधारित कृषिलाई आधुनिकीकरण गर्ने योजना बनाउने।
- महिला, बालबालिका र अपाङ्गमैत्री योजना निर्माण गर्ने ।
- समावेसी र समन्यायिक वितरण प्रणाली लागू हुने योजना बनाउने ।
- ऐतिहासिक र सांस्कृतिक सम्पदाको संरक्षण र प्रवर्द्धनका कार्यक्रम बनाउने ।
- साहित्य र कलाको विकास हुने योजना बनाउने ।

# जिल्ला समन्वय समितिसँग सम्बन्धित ऐन कानूनहरू

## नेपालको संविधान २०७२

### धारा २२० जिल्ला सभा र जिल्ला समन्वय समिति:

(१) जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न एक जिल्ला सभा रहनेछ ।

(२) जिल्ला सभामा जिल्ला भित्रका गाउँ कार्यपालिका अध्यक्ष र उपाध्यक्ष तथा नगर कार्यपालिका प्रमुख र उपप्रमुख सदस्य रहनेछन् । गाउँ सभा र नगर सभाको निर्वाचनको अन्तिम परिणाम प्राप्त भएको मितिले तीस दिन भित्र जिल्ला सभाको पहिलो बैठक बस्नेछ ।

(३) जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तीमा तीन जना महिला र कम्तीमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ । जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नु पर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ ।

(४) सम्बन्धित जिल्लाभित्रको गाउँ सभा वा नगर सभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुनेछ । जिल्ला समन्वय समितिको प्रमुख उपप्रमुख वा सदस्यको पदमा निर्वाचित भएमा त्यस्तो व्यक्तिको गाउँ सभा वा नगर सभाको सदस्य पद स्वतः रिक्त हुनेछ ।

(५) जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख र सदस्यको पदावधि निर्वाचित भएको मितिले पाँच वर्षको हुनेछ ।

(६) देहायको कुनै अवस्थामा जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्यको पद रिक्त हुनेछ:

(क) प्रमुखले उपप्रमुख समक्ष र उपप्रमुख वा सदस्यले प्रमुख समक्ष लिखित राजीनामा दिएमा, (ख) निजको पदावधि समाप्त भएमा, (ग) निजको मृत्यु भएमा ।

(७) जिल्ला सभाको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) जिल्लाभित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, (ख) विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न सोको अनुगमन गर्ने, (ग) जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने, (घ) प्रदेश कानून बमोजिमका अन्य कार्यहरू गर्ने ।

(८) जिल्ला सभाको सञ्चालन, जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा तथा जिल्ला सभा सम्बन्धी अन्य व्यवस्था प्रदेश कानून बमोजिम हुनेछ ।

## स्थानीय सरकार सञ्चालन ऐन २०७४

स्थानीय सरकार सञ्चालनका सम्बधमा ब्यवस्था गर्न बनको ऐन

अन्तिम प्रमाणीकरण र प्रकाशित मिति २०७७।०४।१३

परिच्छेद- १२

जिल्ला सभा सम्बन्धी व्यवस्था

### ९२. जिल्ला सभाको काम, कर्तव्य र अधिकार:

(१) प्रदेश कानूनले अन्यथा व्यवस्था नगरेसम्मको लागि संविधानको धारा २२० को उपधारा (७) मा उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बिचको विकास निर्माणका विषय पहिचान गर्ने तथा व्यवस्थापन गर्ने आवश्यक समन्वय गर्ने,

(ख) जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारिता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत, विषय क्षेत्रगत र पर्यावरणीय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,

(ग) जिल्ला भित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा सङ्घसँग समन्वय गर्ने,

(घ) जिल्लामा रहने सङ्घीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बिच समन्वय गर्ने,

(ङ) जिल्ला भित्रका गाउँपालिका र नगरपालिक बिच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,

(च) जिल्ला भित्रको प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी योजना र कार्यको समन्वय गर्ने,

(छ) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी सङ्घ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,

(ज) जिल्ला भित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागि मन्त्रालय, स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालय तथा आवश्यकता अनुसार सम्बन्धित गाउँपालिका तथा नगरपलिकालाई समेत सुझाव दिने,

(झ) आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,

(ञ) जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तीमा एक पटक वार्षिक समीक्षाको कार्यक्रम आयोजना गरी सो जिल्लाबाट सङ्घीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद–सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,

(ट) नेपाल सरकार वा प्रदेश सरकारले तोकेका अन्य कार्य गर्ने ।

(२) जिल्ला सभाले गर्ने काम जिल्ला समन्वय समितिको नाममा हुनेछ ।

(३) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा वार्षिक कार्यक्रम तथा बजेट बनाई जिल्ला सभाबाट पारित गरी लागू गर्नु पर्नेछ ।

(४) जिल्ला सभाले आफ्नो अधिकारक्षेत्रका विषयमा आवश्यक कार्यविधि, निर्देशिका तथा मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

## ९३. जिल्ला सभाको बजेटः

(१) जिल्ला सभालाई आवश्यक पर्ने बजेट नेपाल सरकार तथा प्रदेश सरकारले उपलब्ध गराउनेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त रकम र अन्य स्रोतबाट प्राप्त रकम जिल्ला सभाको कोषमा जम्मा गरिनेछ ।

(३) जिल्ला समन्वय समितिका सदस्यले पाउने सुविधा उपदफा (१) बमोजिम प्राप्त हुने बजेटबाट व्यहोरिनेछ ।

## ९४. जिल्ला समन्वय अधिकारी तथा कर्मचारी सम्बन्धी व्यवस्थाः

(१) जिल्ला सभाको प्रशासकीय प्रमुखको रूपमा काम गर्न एक जिल्ला समन्वय अधिकारी रहनेछ ।

(२) जिल्ला समन्वय अधिकारीको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) जिल्ला सभा र जिल्ला समन्वय समितिको सचिवको रूपमा काम गर्ने,

(ख) जिल्ला समन्वय समितिको निर्णय कार्यान्वयन गर्ने, गराउने,

(ग) जिल्लास्थित सङ्घ र प्रदेश सरकारका कार्यालय तथा स्थानीय तहबिच समन्वय गर्ने गराउने,

(घ) जिल्ला सभाको आर्थिक कारोबारको हिसाव अभिलेख दुरुस्त राख्ने, लेखापरीक्षण गराउने, बेरुजु फछ्यौट गराउने तथा बेरुजु मिनाहको प्रस्ताव तयार गरी जिल्ला समन्वय समितिमा पेश गर्ने,

(ङ) जिल्ला सभाको चल अचल सम्पत्तिको संरक्षण गर्ने, लगत राख्ने तथा अद्यावधिक गर्ने, गराउने,

(च) जिल्ला समन्वय समितिको प्रमुखको निर्देशनमा जिल्ला समन्वय समिति तथा सभाको बैठक बोलाउने, निर्णयको माइन्यूट गर्ने, निर्णय प्रमाणित गर्ने र बैठक सम्बन्धी आवश्यक कार्य गर्ने, गराउने,

(छ) जिल्ला सभाले गर्नु पर्ने खरिद सम्बन्धी योजना तयार गरी खरिद कार्य गर्ने, गराउने,

(ज) जिल्ला सभा, जिल्ला समन्वय समिति वा जिल्ला समन्वय समितिको प्रमुखले तोकेका अन्य कार्यहरू गर्ने ।

(३) नेपाल सरकारले जिल्ला समन्वय अधिकारीको रूपमा काम गर्न निजामती सेवाको कुनै अधिकृत कर्मचारीलाई खटाउनेछ ।

(४) जिल्ला समन्वय समितिले आफ्नो कार्यबोझको आधारमा सगंठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारबाट लिइने कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम कर्मचारीको दरबन्दीको प्रस्ताव तयार गर्दा स्थायी कर्मचारीको लागि चाहिने तलब, भत्ता, सञ्चय कोष कट्टी रकम, योगदानमा आधारित उपदान वा निवृत्तभरण, औषधि उपचार, विदा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(६) उपदफा (४) बमोजिम दरबन्दीको प्रस्ताव तयार गर्दा सेवा करारको लागि चाहिने तलब, भत्ता तथा योगदानमा आधारित सामाजिक सुरक्षा जस्ता सेवा सुविधाको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेतको विश्लेषण गरी त्यस्तो खर्च सुनिश्चित हुने गरी मात्र दरबन्दी प्रस्ताव गर्नु पर्नेछ ।

(७) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि जिल्ला समन्वय समितिले सवारी चालक, सयश, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन र सरसफाइ सम्बन्धी पदमा स्थायी पदपूर्ति नगरी प्रतिस्पर्धाका अधारमा सेवा करारबाट मात्र लिनु पर्नेछ । सो बाहेकका अन्य पद तथा सेवामा करारबाट पदपूर्ति गर्न पाइने छैन ।

(८) जिल्ला समन्वय समितिले अस्थायी दरबन्दी सृजना गर्न पाउने छैन ।

## ९५. जिल्ला सभासँगको समन्वयमा कार्य गर्ने:

जिल्लामा रहेका नेपाल सरकार तथा प्रदेश सरकारका कार्यालयले जिल्ला समन्वय समितिसँग समन्वय गरी कार्य गर्नु पर्नेछ ।

## ९८. जिल्ला सभाको सम्पत्तिको संरक्षण:

(१) जिल्ला सभाको क्षेत्रभित्रको देहायका सम्पत्ति उपर जिल्ला सभाको हक हुनेछ र जिल्ला सभाले त्यस्तो सम्पत्तिको रेखदेख, मर्मत र सम्भार तथा अन्य प्रवन्ध गर्नु पर्नेछ (क) जिल्ला सभाको स्वामित्वमा भएको वा जिल्ला सभाको कोषबाट खरिद वा निर्माण गरेको जग्गा, भवन, सवारी साधन, मेसिन, औजार लगायतका सम्पत्ति,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा कुनै संस्था वा व्यक्तिबाट हक हस्तान्तरण भई प्राप्त हुने सम्पत्ति ।

(२) जिल्ला सभाले उपदफा (१) बमोजिमको सम्पत्ति नेपाल सरकारको स्वीकृति नलिई बेचबिखन गर्न वा अरु कुनै व्यहोराले हक हस्तान्तरण गर्न पाउने छैन ।

(३) यस दफामा अन्यत्र जुनसुकै कुरा उल्लेख भएको भए तापनि जिल्ला सभाको उपयोगको लागि बढी हुने देखिएको वा जिल्ला सभाले सिफारिस गरेको कुनै सम्पत्ति मन्त्रालयले कुनै गाउँपालिका वा नगरपालिका वा अन्य सरकारी निकायलाई उपभोग गर्नका लागि उपलब्ध गराउन वा हक हस्तान्तरण गर्न बाधा पर्ने छैन । तर जग्गा वा भवनको हक हस्तान्तरण गर्दा नेपाल सरकारबाट निर्णय भएको हुनु पर्नेछ ।

## संघ, प्रदेश र स्थानीय तह (समन्वय तथा अन्तरसम्बन्ध ऐन, २०७७)

संघ, प्रदेश र स्थानीय तह बीचको सम्बन्ध तथा अन्तरसम्न्ध सम्बन्धमा ब्यवस्था गर्न बनेको ऐन

प्रमाणीकरण र प्रकाशन मिति २०७७।०४।१३

२६. जिल्ला समन्वय समितिले समन्वय गर्नेः

(१) जिल्ला समन्वय समितिले देहायका विषयमा समन्वय गर्नेछः-

(क) संघ वा प्रदेशले स्थानीय तहमा गर्ने विकास निर्माण सम्बन्धी कार्य,

(ख) जिल्लामा रहने संघीय सरकारी कार्यालय, प्रदेश सरकारी कार्यालय तथा स्थानीय तहबाट सम्पादन हने कार्य,

(ग) प्रचलित कानून बमोजिम तोकिएका अन्य कार्य।

(२) यस ऐन बमोजिम परिषद् वा प्रदेश समन्वय परिषद् मा पेश भएको कुनै विषयमा कुनै जिल्लाभित्रका स्थानीय तहबीचको समन्वयको विषय समावेश भएको र सो विषयमा जिल्ला समन्वय समितिबाट समन्वय वा सहजीकरण गर्दा उपयुक्त हुने देखिएमा परिषद् वा प्रदेश समन्वय परिषद्ले त्यस्तो विषय सम्बन्धित जिल्ला समन्वय समितिमा लेखी पठाउन सक्नेछ।

(३) उपदफा (२) बमोजिम लेखी आएमा जिल्ला समन्वय समितिले परिषद् वा प्रदेश समन्वय परिषदबाट लेखी आए बमोजिम गरी परिषद् वा सम्बन्धित प्रदेश समन्वय परिषद्लाई जानकारी दिनु पर्नेछ।

## जिल्ला सभा ऐन, २०७५

प्रमाणीकरण मितिः २०७५।०५।१४

संवत् २०७५ सालको ऐन नं. १४

प्रस्तावनाः जिल्ला भित्रका गाउँपालिका र नगरपालिकाहरूबीच समन्वय गर्न, विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्न तथा जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिका बीच समन्वय गर्न तथा जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकारका सम्बन्धमा नेपालको संविधानको धारा २२० को उपधारा (८) बमोजिम कानूनी व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा १७५ बमोजिमको प्रदेश नं. १ को प्रदेश सभाले यो ऐन बनाएको छ ।

३. जिल्ला सभाको काम कर्तव्य र अधिकारः

नेपालको संविधानको धारा २२० को उपधारा

(७) का अतिरिक्त जिल्ला सभाको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. विकास कार्यमा समन्वयः

(१) जिल्लाको समग्र विकाससम्बन्धी जिल्लास्तरीय नीति र मापदण्ड तर्जुमा गरी गाउँ/नगरपालिकामार्फत् कार्यान्वयन गर्न सहजीकरण गर्ने,

(२) जिल्लाको गौरव तथा दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्त्वका आर्थिक, सामाजिक, पर्यटन, तथा वातावरणीय सुधार र सुशासन क्षेत्रका आयोजना एवम् परियोजनाहरूको पहिचान गर्ने, लगानीको रणनीतिक योजना तर्जुमा गर्ने र नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका र नगरपालिका, गैर सरकारी संघ संस्था तथा निजी क्षेत्रबीच समन्वय गर्ने,

(३) जिल्लाभित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाबीचका रणनीतिक महत्वका आयोजना तथा परियोजनाको पहिचान गरी सोको कार्यान्वयनमा सहजीकरण तथा समन्वय गर्ने,

(४) संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच तथा जिल्लामा कार्यरत गैर सरकारी एवम् सामुदायिक संघसंस्था, जिल्लास्तरीय सञ्जालहरूबीच एकिकृत योजना प्रकृया, साझा कार्यप्रणाली तथा प्रभावकारी कार्यसम्पादनका लागि आवश्यक समन्वय गर्ने,

(५) जिल्लाभित्रको प्राकृतिक श्रोत साधनको दिगो उपयोग, वातावरणीय तथा पर्यावरणीय प्रभाव मूल्यांकन, प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी अध्ययन, अनुसन्धान गर्ने र अन्तर गाउँपालिका नगरपालिकाबीचका त्यस्ता योजना र कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन गर्न समन्वय गर्ने,

(६) जिल्लाभित्रको विकास तथा निर्माणसम्बन्धी कार्यमा स्थलगत, समुदायगत, विषयगत क्षेत्रगत र पर्यावरणीय सन्तुलन तथा प्रतिफल प्राप्त भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान एवम् अनुगमन गरी विकास निर्माण सम्बन्धी आन्तरिक कार्यमा सन्तुलन कायम गर्नको लागि नेपाल सरकार, प्रदेश सरकार र गाउँपालिका तथा नगरपालिका र सरोकारवाला निकायहरूलाई सुझाव दिने,

(७) जिल्लाको समग्र विकासका लागि विभिन्न विषयमा सरोकारवालाहरूसँग समन्वय गर्ने,

(८) जिल्ला भित्रका विकास तथा निर्माण कार्यमा सन्तुलन कायम गर्ने र अनुगमनबाट प्राप्त निष्कर्षका बारेमा सम्बन्धित कार्यालयमा लेखी पठाउने

(९) जिल्लाभित्र सञ्चालित संघीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग गर्ने,

(१०) जिल्लास्तरीय अन्तर गाउँपालिका तथा नगरपालिका खेलकूद प्रतियोगिता, कला, शैक्षिक प्रदर्शनी, कृषि प्रदर्शनीको आयोजना गरी उत्तम अभ्यासको प्रवर्द्धन तथा अन्तर गाउँपालिका तथा नगरपालिकाबीच विकासमा सकारात्मक ढंगले प्रोत्साहित गर्ने,

(११) आफ्नो काम कारवाहीको सम्बन्धमा मन्त्रालय र स्थानीय तहसम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैतालीस दिन भित्र प्रतिवेदन पेश गर्ने ।

ख. अनुगमन कार्यः

(१) विद्युतीय प्रणालीमा जिल्ला अनुगमन विश्लेषण प्रणालीको स्थापना र संचालन गर्ने,

(२) जिल्लाभित्रका नेपाल सरकार तथा प्रदेश सरकारका विषयगत कार्यालयहरूबाट भइरहेका चालू योजना र कार्यक्रमहरू गाउँपालिका तथा नगरपालिकासँगको समन्वयमा भए नभएको, दिगो विकास लक्ष्य प्राप्तिमा योगदान भए/नभएको तथा सेवाको गुणस्तर, परिणाम र समय कायम भए/नभएको विषयमा अनुगमन गरीनेपाल सरकार तथा प्रदेश सरकारमा सुझाव तथा प्रतिवेदन पेश गर्ने,

(३) गाउँपालिका र नगरपालिकाको देहायको विषयमा अनुगमन तथा कार्यसम्पादन मापन गरी आवश्यक परिपालना गर्न सुझाव दिनेः-

(क) गाउँपालिका र नगरपालिकाबाट संवैधानिक तथा कानूनी परिपालनाको विषय,

(ख) वित्तीय व्यवस्थापन तथा प्रभावकारिताको विषय,

(ग) सुशासन प्रवर्द्धनको विषय,

(घ) पदाधिकारीबीचको सुमधुर अंन्तरसम्बन्धको विषय ।

(४) कानूनबमोजिम गाउँसभा, नगरसभा संचालन भए/नभएको अध्ययन गर्ने र नभएको भए तत्काल कानून बमोजिम गर्न सुझाव दिने,

(५) जिल्लाभित्र राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था, विषयगत क्षेत्रगत सञ्जालबाट सञ्चालन भइरहेको चालू योजना र कार्यक्रमहरूमा स्थानगत, विषयगत, क्षेत्रगत लगायतको सन्तुलन भए/नभएको तथा कार्यक्रमको प्रभावकारिता र

व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गरी आवश्यक सुझाव दिने ।

ग. सूचना, तथ्यांङ्क तथा अभिलेख व्यवस्थापन कार्य:

(१) जिल्ला सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन गर्ने,

(२) नवीनतम् सूचना प्रविधिको प्रयोग गरी जिल्ला तहको जनसांख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल गार्हस्थ उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैंगिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्यांक सङ्कलन र प्रशोधन गरी नवीनतम् प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा अद्यावधिक गर्ने र जिल्ला पाश्र्वचित्र, जिल्लाको श्रोत नक्सा, भौगोलिक सूचना प्रणालीको अद्यावधिक गरी अभिलेख राखे,

(३) जिल्लाभरिको सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यवसायको विवरण सहितको तथ्याङ्क संकलन गरी अद्यावधिक अभिलेख राखे,

(४) जिल्लाभित्र सम्पन्न भएका तथा सञ्चालित चालु विकास आयोजना तथा परियोजनाको लगत राख्ने

(५) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकालेगरेका कानूनहरूकोअभिलेखीकरण गर्ने,

(६) जिल्लास्तरीय अन्य आवश्यक तथ्यांक तथा सूचनाको संकलन तथा अभिलेखन गर्ने ।

घ. क्षमता विकास कार्य:

(१) गाउँपालिका तथा नगरपालिकाको आवश्यकता मागबमोजिमका विषयगत क्षेत्रमा क्षमता विकास योजना तर्जुमा गरी त्यस्तो कार्यमा सहयोग र समन्वय गर्ने,

(२) जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,

(३) गाउँपालिका तथा नगरपालिकामा दिगो विकासका लक्ष्यसँग सम्बन्धित सूचना, शिक्षा र क्षमता विकास गतिविधि संचालन गर्न आवश्यक कार्य गर्ने,

(४) जिल्लाको विशिष्टता अनुसार गाउँपालिका तथा नगरपालिकाबाट अभियानात्मक विकास गतिविधि सञ्चालन गर्न आवश्यक ज्ञान, सीप अभिवृद्धि कार्यक्रम संचालन गर्न आवश्यक कार्य गर्ने,

(५) राजस्वका क्षेत्र पहिचान तथा सम्भाव्यता अध्ययन गरी त्यस्तो श्रोतको उच्चतम परिचालनका लागि गाउँपालिका तथा नगरपालिकालाई तालिम, अभिमुखीकरण प्रदान गर्ने एवम् आवश्यक सहयोग गर्ने,

(६) जिल्लास्तरीय विभिन्न सञ्जालहरूको संस्थागत क्षमता विकाससम्बन्धी कार्य गर्ने।

ङ. व्यवस्थापन कार्य:

जिल्ला भित्रका दुई वा सोभन्दा बढी गाउँपालिका तथा नगरपालिकाले आफ्नो कार्य सञ्चालन गर्दा लागत न्यूनीकरण, श्रोत साधनको अधिकतम उपयोग वा प्रभावकारी सेवा

प्रवाह सुनिश्चित गर्न देहायका कार्यहरू जिल्ला सभामार्फत् साझेदारी, सम्झौता या संयुक्त व्यस्थापनमा गर्न सक्नेछ:

(क) जिल्ला स्तरीय यातायातको संचालन तथा व्यवस्थापन नीति तथा मापदण्ड तर्जुमा र अनुगमन,

(ख) आधारभूत तथा माध्यामिक तहको प्राविधिक शिक्षाको सञ्चालन, प्रवर्द्धन र विकास,

(ग) फोहोर मैला विसर्जन स्थल वा प्रशोधन प्रणालीको विकास र सञ्चालन,

(घ) बृहत पूर्वाधार निर्माण, ठूलो मेसिन तथा औजार खरिद र व्यवस्थापन,

(ङ) बस्ती विकास तथा भू-उपयोग योजना,

(च) पर्यटन, प्रविधि तथा संस्कृतिको प्रवर्द्धन र विकास,

(छ) दमकल तथा एम्बुलेन्स सेवाको सञ्चालन,

(ज) असल अभ्यास र अनुभवको आदान प्रदान ।

### च. प्राकृतिक प्रकोप तथा विपद् व्यवस्थापन सम्बन्धी कार्यः

(१) आफ्नो जिल्लाभित्र कुनै प्राकृतिक प्रकोप, दुर्घटना वा कुनै विपद् देखा परेमा प्रकोप तथा विपद् व्यवस्थापनमा जिल्लाभरिका सबै गाउँ/नगरपालिकाबीच समन्वय गरी एकीकृत ढंगले कार्यक्रम संचालन गर्न पहल गर्ने,

(२) विपद् तथा प्रकोप व्यवस्थापनमा जिल्लाभरिका सबै निकायहरूबीच उद्धार र राहत कार्य प्रभावकारी बनाउन समन्वय गर्ने,

(३) विपद् तथा प्रकोप व्यवस्थापनमा प्रदेश सरकार तथा संघीय सरकारसँग समन्वय र सहकार्य गर्ने।

### छ. भाषा, कला, र संस्कृति संरक्षण तथा प्रवर्द्धनसम्बन्धी कार्यः

(१) जिल्लाभित्र प्रचलनमा रहेको भाषा, कला र संस्कृतिको खोज, अध्ययन तथा अनुसन्धान गर्न स्थानीय सरकार तथा प्रदेश सरकारबीच समन्वय गर्ने,

(२) जिल्लाको भाषा, कला, र संस्कृति संरक्षण सम्बन्धी कार्य गर्ने,

(३) जिल्ला भित्रका गैरसरकारी संस्था, दातृ निकाय, गुठी आदि सँगको समन्वयमा जिल्लाको भाषा, कला र संस्कृतिको प्रवर्द्धन गर्ने ।

### ४. जिल्ला सभाको अन्य कार्यः

जिल्ला सभाको अन्य कार्य जिल्ला सभाले आफ्नो जिल्लामा भएका पूर्वाधार विकास तथा सेवा प्रवाहका सम्बन्धमा अनियमित ढंगले काम गरेको पाइएमा सम्बन्धित निकायलाई आवश्यक कारबाहीको लागि सिफारिस गर्न सक्नेछ र त्यस्तो निकायले यसरी सिफारिस भई आएको विषयमा तत्काल जाँचबुझ गरी आवश्यक कारबाही अगाडि बढाउनु पर्नेछ र सो को जानकारी सम्बन्धित जिल्ला समन्वय समितिलाई दिनु पर्नेछ ।

### ५. अर्थ सम्बन्धी कार्यः

जिल्ला सभाले आर्थिक कार्य सम्पादन गर्ने विषय प्रचलित कानून बमोजिम हुनेछ ।

### ६. जिल्ला सभाले गर्ने कामसम्वन्धी व्यवस्थाः

नेपालको संविधान र यो ऐन बमोजिम जिल्ला सभाले सम्पादन गर्नुपर्ने सम्पूर्ण कार्य जिल्ला समन्वय समितले गर्नेछ ।

### ७. नियाम बनाउने अधिकारः

नियम बनाउने अधिकार यस ऐनको कार्यान्वयन गर्नको लागि प्रदेश सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

### ८. खारेजी र बचाउः

(१) यस अघि जिल्ला सभाबाट भइरहेका कार्यहरू यसै ऐन बमोजिम भएको मानिनेछ ।

(२) यो ऐन प्रारम्भ हुनुभन्दा अघि जिल्ला सभाले जिल्ला सभाको काम, कर्तव्य र अधिकारका सम्बन्धमा कुनै नियामावली वा कार्यविधि बनाएको भए यो ऐन लागू भएपछि त्यस्तो नियमावली वा कार्यविधि स्वतः खारेज हुनेछ ।